**HBL** हिमालयन बैंक लिमिटेड **Himalayan Bank Ltd.**

## को

# तीसौं वार्षिक साधारण सभाबारे सूचना

२०७९ साल पौष महिना ०६ गते बसेको सञ्चालक समितिको बैठक नं. ४२८ को निर्णयानुसार यस बैंकको तीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरू शेयरधनी महानुभावहरूलाई यथा समयमा पठाइने व्यहोरा अनुरोध छ ।

**तीसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान**

| | | |
|---|---|---|
| **मिति** | : | **२०७९ साल पौष २८ गते बिहीबार (तदनुसार जनवरी १२, २०२३)** |
| **समय** | : | **विहान ११:00 बजे** |
| **स्थान** | : | **होटल सोल्टी, सोल्टीमोड, काठमाडौं** |

## छलफलका विषय-सूची

**क) सामान्य प्रस्ताव**

१) तीसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन,
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७८/७९ को नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,
३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि. को आ. व. २०७८/७९ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने,
४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू. १२,९६,८७,२५,७२५।– को ११.११ प्रतिशत (कर सहित) ले हुने जम्मा रू. १,४४,०८,२५,४२८।०३ नगद लाभांश दिने प्रस्ताव स्वीकृत गर्ने,
५) सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचन,
६) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक जि.पि. राजबाहक एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट पुनः नियुक्त हुन सक्ने ।)

**ख) विशेष प्रस्ताव**

१) सञ्चालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू. १२,९६,८७,२५,७२५।– बाट वृद्धि गर्न चुक्ता पूँजीको ८ प्रतिशतले हुने जम्मा रू. १,०३,७४,९८,०५८।– बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।
२) बैंकले आर्थिक वर्ष २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमाभन्दा माथि गरेका सहयोग अन्तर्गत विभिन्न संघ–संस्था, सामुदायिक अस्पतालहरू, सामुदायिक विद्यालयहरूलाई तथा वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन समेतमा गरि खर्च गरेको कुल रकम रू. १,२७,१७,२२४.३९ (अक्षरेपी एक करोड सत्ताइस लाख सत्र हजार दुई सय चौबिस रूपैयाँ उनन्चालिस पैसा) अनुमोदन गर्ने । (संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको ३०औं वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।)
३) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनका लागि भएको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता श्री CSC & Co., Chartered Accountants को नियुक्ति, उक्त मूल्याङ्कनकर्तालाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण कामकारवाहीहरूलाई स्वीकृति प्रदान गर्ने ।
४) हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता श्री CSC & Co., Chartered Accountants बाट प्राप्त दुबै संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा व्यावसायिक अवसरहरू, व्यावसायिक प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिती, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयरबजार मुल्य समेतका बिषयहरूको आधारमा शेयर आदान प्रदान अनुपात निर्धारण गरी सिफारिस गरिएको शेयर आदान प्रदान अनुपात १०० बराबर ८०.२८ (Swap Ratio 1:0.8028) हुने गरि (सिभिल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरूलाई हिमालयन बैंक लिमिटेडको ८०.२८ कित्ता शेयर अनुपात हुने गरी) सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने ।
५) विशेष प्रस्ताव नं (४) बमोजिम सिभिल बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि हुने तथा संस्थापक तथा सर्वसाधारण शेयरधनीहरूको शेयर स्वामित्व प्रतिशत समेत परिवर्तन हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीको विभिन्न सम्बन्धित दफाहरूमा (अनुसूचिमा उल्लेख भए अनुसार) संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।
६) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति पश्चात हिमालयन बैंक लिमिटेडकै नाममा एकिकृत कारोवार गर्ने कार्यलाई स्वीकृति प्रदान गर्ने ।
७) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृति लिने । अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र र नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोहीबमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
८) बैंकको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

**ग) विविध**

## जानकारी

१) मिति २०७९ साल पौष महिना १८ गते सोमबारदेखि २०७९ साल पौष महिना २८ गतेसम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।
२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावलीको संशोधन सहितको विवरण पठाइने छ ।
३) सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगाडि कार्यालय समयभित्र श्री हिमालयन क्यापिटल लिमिटेड, ठमेलमा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ । बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टयाएर दिइएको प्रोक्सी बदर हुनेछ ।
४) सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी दर्ता गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र श्री हिमालयन क्यापिटल लिमिटेड, ठमेलमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ ।
५) सञ्चालक पदमा उम्मेदवार हुनको लागि बैंकको नियमावलीको नियम १३ बमोजिम कम्तिमा १०० कित्ता शेयर लिएका शेयरधनीहरुले निर्वाचन हुने दिनभन्दा १५ दिन अगावै एक जना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित आफ्नो उम्मेदवारी तोकिएको ढांचा बमोजिम श्री हिमालयन क्यापिटल लिमिटेड, ठमेलमा दरखास्त दर्ता गर्नु पर्नेछ ।
६) छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्छ ।
७) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरधनीको नाममा खोलिएको हितग्राही खाता (Demat) र शेयरधनी परिचयपत्र वा शेयरधनी परिचय नम्बर लेखिएको शेयर प्रमाणपत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।
८) नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।
९) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो वदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत हिमालयन क्यापिटल लि., ठमेलमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
१०) हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहने छ ।
११) सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचनको सम्बन्धी कार्यक्रमको निर्वाचन अधिकृतद्वारा छुट्टै सूचना प्रकाशित गरि जानकारी गराइने छ ।

**शेयरधनी महानुभावहरुलाई जानकारी**

(क) बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००/– (रुपैया पाँच सय मात्र) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ । त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभांश रकम उक्त खातामा जम्मा गरिनेछ ।
(ख) आ.व. २०७७/७८ र सोभन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले हिमालयन क्यापिटल लि. को कार्यालय, ठमेलमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## हिमालयन बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं, फोन नं. : ०१-४२२७७४९